कावासोती नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

शिवमन्दिर, नवलपरासी (ब.सु.पूर्व)

गण्डकी प्रदेश, नेपाल

## सेवा करार सम्बन्धी सूचना

(प्रथम पटक सूचना प्रकाशन मितिः २०७७/८/१७)

कावासोती नगरपालिकाका नवलपरासी (ब.सु.पूर्व) का लागि देहाय बमोजिमको जनशक्तिहरु आवश्यक परेकोले सेवा करारका लागि दरखास्त आव्हान गरिएको छ। योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र यस कार्यालयमा तोकिएको ढाँचामा पासपोर्ट साइजको दुईप्रति फोटो, नागरिकताको प्रमाणपत्र, शैक्षिक योग्यताको प्रमाणपत्र र अनुभवको प्रमाणपत्रको प्रतिलिपीहरु सहित आवेदन दिनुहुन अनुरोध छ।

| विज्ञापन नं. | पद/ तह | माग संख्या | शैक्षिक योग्यता | योग्य उमेर |
|---|---|---|---|---|
| ५/०७७-७८ | स्टाफ नर्स (स्वास्थ सेवा/ पाँचौं सरह/प्रा.) | ८ | मान्यताप्राप्त शिक्षण संस्थाबाट नर्सिङ विषयमा प्रमाणपत्र तह | १८ बर्ष पुरा गरी ४५ बर्ष ननाघेको |
| ६/०७७-७८ | अ.हे.व. (स्वास्थ्य सेवा /चौथो सरह/प्रा.) | ७ | मान्यताप्राप्त शिक्षण संस्थाबाट सिएम ए कोर्ष उत्तीर्ण | १८ बर्ष पुरा गरी ४५ बर्ष ननाघेको |
| ७/०७७-७८ | कार्यालय सहयोगी (प्रशासन सेवा/ श्रेणी विहिन/ अ.प्रा.) | १७ | साधारण लेखपढ | १८ बर्ष पुरा गरी ३५ बर्ष ननाघेंको (महिलाको हकमा ४० बर्ष ननाघेको) |
| ८/०७७-७८ | हलुका सवारी चालक (इ./श्रेणी विहिन/प्रा.) | १ | साधारण लेखपढ र सवारी चालक अनुमतिपत्र भएको | १८ बर्ष पुरा गरी ४० बर्ष ननाघेको |

क. **दरखास्त दिने अन्तिम मिति र दस्तुरः** मिति २०७७/९/१ सम्म। दोब्बर दस्तुर तिरेर आवेदन दिने थप अवधिको सुविधा नभएको। दरखास्त दस्तुरः सबै पदको लागि रु. ५००/-

ख. **उमेरहद सम्बन्धी विशेष व्यवस्थाः** यस नगरपालिकामा ज्यालादारीमा निरन्तर सेवा गरिरहेका कर्मचारीहरुको हकमा निज नगरपालिकामा सेवा सुरु गर्दाको समयमा उमेर हद ननाघेको भए एक पटकका लागि आवेदन दिन सक्नेछन् ।

ग. **छनौट विधिः स्टाफ नर्स र अ.हे.व. पदका लागि कावासोती नगरपालिकाको प्राविधिक कर्मचारी व्यवस्थापन सम्बन्धी कार्यविधि,२०७५ बमोजिम संक्षिप्त सूची प्रकाशनः** (१) कावासोती नगरपालिकामा करारमा प्राविधिक कर्मचारी व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७५ बमोजिम तोकिएको मापदण्ड र अङ्कका आधारमा संक्षिप्त सूची प्रकाशन गरिनेछ।

(२) **लिखित परीक्षाः** सम्बन्धित पद र तहका लागि लोक सेवा आयोगले तोकेको पाठ्यक्रम अनुसार ।

(३) **अन्तरवार्ताः** लिखित परीक्षामा उत्तीर्ण भएका उम्मेदवारहरुले मात्र अन्तवार्तामा सहभागी हुन पाउनेछन् । अन्तवार्तामा अधिकतम ३० अंक।

(४) कार्यालय सहयोगीको हकमा सरकारी कार्यालयमा सेवा गरेको अनुभवलाई मात्र प्रत्येक बर्षको २ अंकको दरले बढीमा १० अंक अनुभव वापत प्रदान गरिनेछ। अन्तर्वार्ता हुने दिनमा कार्यालय सञ्चालन सीप सम्बन्धी १५ पूर्णाङ्कको परीक्षा लिईनेछ र अन्तर्वार्ता ३० अंक।

(५) हलुका सवारी चालकका लागि प्रयोगात्मक परीक्षा र अन्तर्वार्ता हुनेछ । माथिल्लो श्रेणीको सवारी चालक अनुमतिपत्र भएकोलाई प्राथमिकता दिईनेछ ।

प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner